सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री कुमार रेग्मी

माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ

आदेश

०७६-WO-०३००

विषयः उत्प्रेषण समेत।

मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं.७ स्थित विराटनगर महानगरपालिका कार्यालयको हकमा अख्तियार प्राप्त उपप्रमुख इन्दिरा कार्की---१	निवेदक

बिरुद्ध

नेपाल सरकार, मन्त्रिपरिषद्को सचिवालय सिंहदरवार, काठमाण्डौ------------१ नेपाल सरकार, अर्थ मन्त्रालय---१ आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौं -----------------------------१ आन्तरिक राजस्व कार्यालय विराटनगर--------------------------------------१	विपक्षी

नेपालको संविधानको धारा ४६, १३३(२),(३) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः-

निवेदनको संक्षिप्त तथ्य

१. निवेदक विराटनगर महानगरपालिका संविधान तथा कानून बमोजिम स्थापित स्थानीय तह हो। नेपालको संविधानको धारा ५७ (४) मा स्थानीय तहको अधिकार अनुसूची- ८ मा उल्लेखित विषयमा निहीत रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र संघीय कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ, ऐ. संविधानको अनुसूची- ८ मा स्थानीय तहको अधिकारको सूची शीर्षक अन्तर्गत क्र.सं. ४ मा स्थानीय कर अन्तर्गत विभिन्न प्रकारका करहरु मध्ये **घर बहाल कर** समेत उल्लेख

छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद- ९ मा गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार सम्बन्धी व्यवस्था रहेको र सोही अन्तर्गतको दफा ५७ मा गाउँपालिका/नगरपालिकाको क्षेत्र भित्र कुनै पनि घर भवन संरचना इत्यादि बहालमा दिएकोमा गाउँपालिका/नगरपालिकाले त्यस्तो बहाल रकममा बहालकर लगाउने भनी प्रष्ट कानूनी व्यवस्था छ।जसबाट बहाल कर लगाउने उठाउने अधिकार पूर्ण रुपमा स्थानीय तहमा निहीत रहेको तथ्य पनि निर्विवाद छ। उपरोक्त संवैधानिक एवम् कानूनी प्रावधानको बावजुद आन्तरिक राजस्व कार्यालय विराटनगरले घर बहाल कर संकलन गरिरहेको बुझिएबाट के कुन आधारमा घर बहाल कर उठाइरहेको हो भनी बुझ्दा नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७४।१२।१२ मा घर बहाल कर सम्बन्धमा भएको निर्णय अर्थ मन्त्रालयबाट खण्ड ६८ संख्या नेपाल राजपत्र भाग ५ मिति २०७५।१।१० मा सूचना प्रकाशित गरिएको रहेछ। नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७४।१२।१२ मा घर बहाल कर सम्बन्धमा गरिएको निर्णय बमोजिमको वेहोरा सम्बन्धमा अर्थ मन्त्रालयबाट आन्तरिक राजस्व विभागमा र विभागबाट सवै ठुला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयमा पत्राचार भएको रहेछ। उक्त मितिको मन्त्रिपरिषद्को निर्णयमा (१) आ-आफ्नो क्षेत्राधिकार भित्रको प्राकृतिक व्यक्तिको आर्जन गर्ने घर बहाल आयमा लाग्ने घर बहाल कर नेपालको संविधान, अन्तर सरकारी व्यवस्थापन ऐन, २०७४ को अधिनमा रही सम्बन्धित स्थानीय तहहरुले संकलन गर्ने र आन्तरिक राजस्व कार्यालयले भाडा वापतको आयमा आयकर संकलन नगर्ने।(२) स्थानीय तहलाई घर बहाल कर तिरेको, प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल आयमा लाग्ने घर बहाल आयमा स्थानीय सरकारलाई तिर्नु बुझाउनु पर्ने चालु आर्थिक वर्षको आयकर आर्थिक ऐन, २०७४ को दफा १९ अनुसार छुट दिने।(३) यसप्रकार घर बहाल कर स्थानीय तहले संकलन गर्ने हुँदा गत विगत वर्षको लगत समेत करदाताका स्थायी ठेगाना रहेको स्थानीय तहमा आन्तरिक राजस्व कार्यालयहरुले हस्तान्तरण गर्ने र (४) घर बहाल कर संकलन गर्ने निकायबाटै त्यस्तो कर तिर्नेको आय प्रमाणित गर्ने भन्ने वेहोरा उल्लेख भएको रहेछ। विपक्षी मध्येको आन्तरिक राजश्व

कार्यालय, विराटनगरबाट संस्थागत घरवहाल कर उठाई रहेको कार्य विरुद्ध निवेदक तर्फबाट उच्च अदालत विराटनगरमा निषेधाज्ञायुक्त परमादेशको निवेदन दायर भएकोमा उक्त निषेधाज्ञायुक्त परमादेशको निवेदन २०७६।३।२३ मा खारेज भई सकेको अवस्था छ। मन्त्रिपरिषद्को मिति २०७४।१२।१२ को घर बहाल कर सम्बन्धमा भएको उपरोक्त निर्णय र सो निर्णयको आधारमा अर्थ मन्त्रालयले विपक्षी मध्येको आन्तरिक राजस्व विभागलाई घर बहाल कर सम्बन्धमा जारी गरेको पत्र सोही पत्रको आधारमा विपक्षी आन्तरिक राजस्व कार्यालय विराटनगर लगायत सबै कर संकलन गर्ने कार्यालयहरुलाई जारी गरेको पत्र एवं नेपाल राजपत्रमा प्रकाशित विपक्षी नेपाल सरकार अर्थ मन्त्रालयको सूचना तथा तिनै निर्णय पत्र तथा सूचनाको आधारमा विपक्षी आन्तरीक राजश्व कार्यालय विराटनगरले संस्थागत वहालमा लाग्ने कर लिने उठाउने गरी आएको काम कारवाही समेत नेपालको संविधानको धारा २२१, अनुसूची- ८ को क्र.सं. ४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ समेत प्रतिकुल भै गम्भीर रुपमा संवैधानिक तथा कानूनी त्रुटि भै यस विराटनगर महानगरपालिका (स्थानीय तह) लाई प्रदत्त संवैधानिक तथा कानूनी हकमा प्रतिकुल असर उत्पन्न हुन गएबाट नेपालको संविधानको धारा ४६ एवम् १३३ (२) (३) अन्तर्गत यो रिट लिई उपस्थित भएको छु। नेपालको संविधानको धारा २२१, अनुसूची- ८ को क्र.सं. ४ मा प्रष्ट रुपमा घर बहाल कर स्थानीय तहले संकलन गर्ने व्यवस्था उल्लेख छ, जसमा प्राकृतिक वा संस्थागत घर बहालकर भनी वर्गीकृत गरिएको अवस्था छैन। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ दफा ५७ समेतको प्रष्ट रुपमा घर जग्गाको बहाल कर उठाउने अख्तियारी प्रदान गरिरहेकै अवस्था रहेको हुँदा मन्त्रिपरिषद्को मिति २०७४।१२।१२ को निर्णय, सो निर्णयको आधारमा भए गरेको अर्थ मन्त्रालयको पत्र एवं आन्तरिक राजस्व विभागबाट अन्य कर संकलन गर्ने कार्यालयलाई लेखिएका पत्रहरु समेत माथि उल्लेख गरे बमोजिम नेपालको संविधान तथा कानूनी व्यवस्थाको प्रत्यक्ष रुपमा त्रुटियुक्त भएको हुँदा उपरोक्त निर्णय आदेश तथा सूचना पत्रहरु उत्प्रेषणको आदेशद्वारा बदर गरी विपक्षी नेपाल सरकार (मन्त्रिपरिषद्), अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग र आन्तरिक राजस्व कार्यालय विराटनगरको

नाममा संस्थागत वा प्राकृतिक व्यक्तिले घर बहाल वापत आउने आयमा कुनै पनि प्रकारका घर बहाल कर नलिनु नलगाउनु भनी प्रतिषेधको आदेश समेत जारी गरीपाँउ। आ.व. २०७५/०७६ देखि फैसला नहुन्जेलसम्मको अवधीको घर बहाल कर विपक्षी आन्तरिक राजस्व कार्यालय विराटनगरले यस विराटनगर महानगरपालिका कार्यालयलाई फिर्ता गरी पाउन परमादेशको आदेश समेत जारी गरी पाउँ। साथै साथै, विराटनगर महानगरपालिका क्षेत्रभित्रका घर पसलहरुको घर बहाल कर विपक्षीहरुबाट उठाइरहने कार्यले यस महानगरपालिकालाई अपूरणीय क्षति हुन जाने हुँदा तत्कालै उपरोक्त बमोजिम कुनैपनि करहरु नलिनु नलगाउनु एवं विराटनगर महानगरपालिकालाई उक्त करहरु संकलन गर्न कुनैपनि अवरोध नपुऱ्याउनु भनी अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको **विराटनगर महानगरपालिका कार्यालयको तर्फबाट अख्तियारप्राप्त उपप्रमुख इन्दिरा कार्कीले यस अदालतमा पेस गरेको रिट निवेदन।**

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको कुनै आधार र कारण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटोका म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखितजवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद बिपक्षीहरुको नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू भन्ने यस अदालतको मिति २०७६।०७।०३ को आदेश।

३. प्रस्तुत निवेदनमा नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीको क्रम संख्या ४ मा स्थानीय कर अन्तर्गतको घर वहाल कर उठाउने अधिकार मात्र स्थानीय तहलाई भएको तर आन्तरिक राजस्व कार्यालय बिराटनगरले उठाएको बहाल कर स्थानीय कर नभई आयकर शिर्षक अन्तर्गतको व्यवसायिक रुपमा घरवहाल लगाई जसले आय प्राप्त गर्छ र सो वापत खर्च समेत दावी गर्छ र आयबाट खर्च कटाई बांकी हुने कर योग्य आयमा मात्र आयकर अन्तर्गत घर वहालकर लाग्ने र सो कर मात्र कार्यालयले लिने गरेको उक्त विषय स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत नपर्ने भएकोले विपक्षीको प्रस्तुत रिट निवेदन खारेजभागी

छ। नेपालको संविधानको अनुसूची- ५ मा संघको अधिकारको सूचीको क्रमसंख्या ९ तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची १ को खण्ड (क) को सि.नं. (४) र (५) बमोजिम संस्थागत आयकर, व्यक्तिगत आयकर संकलन गर्ने अधिकार नेपाल सरकारमा रहेको एवं नेपाल सरकारले आयकर ऐन, २०५८ बमोजिम विभिन्न शिर्षकका आयकरहरु आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरु मार्फत संकलन गर्दै आएको देखिन्छ। नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७४।१२।१२ मा आ-आफ्नो क्षेत्राधिकार भित्रका प्राकृतिक व्यक्तिले आर्जन गर्ने बहाल आयमा लाग्ने घर बहाल कर नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रचलित कानूनको अधिनमा रही सम्बन्धित स्थानीय तहहरुले संकलन गर्ने र आन्तरिक राजस्व कार्यालयहरुले भाडा वापतको आयमा आयकर संकलन नगर्ने भनी निर्णय भएको देखिन्छ। नेपालको संविधानले स्थानीय तहलाई स्थानीय करको रुपमा रहेको वहाल कर उठाउने अधिकार मात्र दिएको, आयकर ऐनले प्राकृतिक व्यक्ति र निकायलाई अलगरुपमा परिभाषा गरेको तथा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय पश्चातको अवधिको प्राकृतिक व्यक्तिले आर्जन गर्ने वहाल आयमा लाग्ने वहालकर मात्र स्थानीय तहहरुले संकलन गर्ने व्यवस्था भए बमोजिम कार्यालयले संस्थागत वहालकर मात्र संकलन गरेको र कर सम्बन्धी व्यवस्था प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यसै ऐन बमोजिम हुने भनी आयकर ऐनमा स्पष्ट व्यवस्था भएको हुँदा उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था अन्तर्गत असुल उपर गरेको कर संविधान र कानूनको प्रतिकूल नरहेको हुँदा निवेदन जिकिर खारेज गरिपाउँ भन्नेसमेत बेहोराको **आन्तरिक राजस्व विभागका तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ।**

४. विपक्षी निवेदकले निवेदनको यसै विषयमा नेपालको संविधानको धारा १४४ को उपधारा (१) बमोजिम रि.नं. ०७५-WO-०३५९ बाट उच्च अदालत विराटनगरमा निषेधाज्ञायुक्त परमादेश मुद्दा दायर गरेकोमा मिति २०७६।०३।३१ मा निवेदन खारेज हुने गरी फैसला भएकोमा निवेदकले सोही विषयमा सर्वोच्च अदालतमा प्रस्तुत रिट दायर गर्नुभएको देखिन्छ। निवेदकले एउटै विषयमा पुनः रिट क्षेत्राधिकार

प्रयोग गरि आएको र उच्च अदालतबाट विवादको अन्तिम टुंगो लगाइसकेको विषयमा नेपालको संविधानको धारा १३३ को उपधारा (२) बमोजिम रिट क्षेत्राधिकार ग्रहण गर्न सक्ने अवस्था छैन। नेपालको संविधानको अनुसूची-५ मा रहेको संघको अधिकारको सूचीको क्रमसंख्या ९ मा भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना रहेको छ। आन्तरिक राजस्व कार्यालय, विराटनगरले संकलन गरेको कर संस्थागत आयकर हो जुन संघको अधिकार सूची अन्तर्गत पर्छ। उपरोक्त संवैधानिक व्यवस्था अनुसार आन्तरिक राजस्व कार्यालय, विराटनगरले कानून बमोजिम नै कर संकलन गरेको हुँदा प्रस्तुत रिट निवेदन खारेज भागी छ। निवेदकको क्षेत्राधिकारभित्रको घर बहाल कर र संघ अन्तर्गतको संस्थागत आयकर पृथक कर हुन्। संविधानको अनुसूची- ८ को क्र.सं. ४ मा उल्लिखित स्थानीय तहको अधिकार अन्तर्गतको घर बहाल कर र संघको अधिकार अन्तर्गत पर्ने अनुसूची- ५ को क्र.सं. ९ मा पर्ने संस्थागत आयकर दुई भिन्न प्रकृतिका कर भएकोले संविधान बमोजिम संघले संविधानको अनुसूची- ५ बमोजिमको संस्थागत आयकर संकलन गर्न र स्थानीय तहले अनुसूची- ८ बमोजिम स्थानीय करको रुपमा रहेको घर बहाल कर संकलन गर्न स्वतन्त्र र स्वायत्त छन्। आन्तरिक राजस्व कार्यालय, विराटनगरले स्थानीय तहको अधिकारभित्रको घर बहाल कर संकलन नगरेको हुँदा प्रस्तुत रिट निवेदनउपर कुनै आदेश जारी हुनुपर्ने देखिँदैन। निवेदकले संस्थागत आयकरको विषय आफ्नो क्षेत्राधिकारभित्रको हो भनी जिकीर लिएको पनि छैन। यस अनुसार अन्य करहरुको अतिरिक्त प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल कर संकलन गर्न पाउने अधिकार स्थानीय तहमा नै रहेको देखिन्छ। आन्तरिक राजस्व कार्यालय विराटनगर समेतका कार्यालयहरुबाट आयकर ऐन, २०५८ मा भएको व्यवस्था बमोजिम नै संस्थागत बहाल करमात्र उठाउँदै आएको देखिंदा प्रस्तुत रिट निवेदनको जिकीर कानूनसम्मत र तर्कसंगत नभएकोले खारेज गरिपाउँ भन्नेसमेत बेहोराको **नेपाल सरकार, अर्थ मन्त्रालयको तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ।**

५. नेपाल सरकार, प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय नागरिकका संविधान तथा

कानून प्रदत्त हक, अधिकारहरुको सम्मान, संरक्षण एवं सम्वर्द्धन गर्ने कुरामा प्रतिवद्ध रहेको छ। स्थानीय तहले नेपालको संविधानको अनुसूची- ८ को अधिकारक्षेत्र भित्र रही आफ्नो काम कारवाही गर्न सक्ने हुँदैन भन्ने अवस्था देखिंदैन। कर सम्वन्धी विषयमा नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ लाई समुचा रुपमा हेर्नु पर्ने हुन्छ। करका सम्वन्धमा त्यसको स्वरुप, प्रकार, आधार, क्षमता सहितको विषयमा करका मान्य सिद्धान्त बमोजिम संकलन हुने विषयमा अन्यथा भनिरहनु पर्ने देखिंदैन। नेपालको संविधानको अनुसूची- ५, संघको अधिकारको सूचीको क्रम संख्या-९ तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-१ को खण्ड (क) को सि. नं. (४) र (५) बमोजिम संस्थागत आयकर, व्यक्तिगत आयकर संकलन गर्ने अधिकार नेपाल सरकारमा रहेको देखिन्छ। नेपालको संविधानको अनुसूची-८ को क्रमसंख्या ४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची ३ को खण्ड (क) को सि.नं. (२) बमोजिम स्थानीय तहले अन्य करहरुको साथै घर बहाल कर संकलन गर्न पाउने व्यवस्था भएकोले त्यसमा द्विविधा नहोस भन्नको लागि तथा घर बहाल कर संकलनमा व्यवस्थापनको लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७४।१२।१२ मा निर्णय भएको हो। नेपाल सरकारबाट भएको उक्त निर्णय नेपालको संविधानको धारा ५७ विपरीत भयो भनी भन्न मिल्ने देखिंदैन। नेपाल सरकार, मन्त्रिपरिषद्को बैठक संख्या ६४/०७४ मिति २०७६।१२।१२ मा प्राकृतिक व्यक्तिले आर्जन गर्ने घरबहाल आयमा लाग्ने घर बहाल कर प्रचलित कानून बमोजिम सम्वन्धित स्थानीय तहहरुले संकलन गर्ने, घर बहाल कर संकलन गर्ने निकायबाट नै त्यस्तो कर तिर्नेको आय प्रमाणित गर्ने सहितको निर्णय भएको हो। जहाँसम्म निवेदकले संस्थागत व्यक्तिको कर उठाएको भन्ने प्रश्न छ तत् सम्वन्धमा नेपालको संविधानको धारा ७५ कार्यकारिणी अधिकार अन्तर्गत उपधारा (१) मा नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानून बमोजिम मन्त्रिपरिषद्मा हुने संवैधानिक व्यवस्था तथा आयकर ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन बमोजिम नै मन्त्रिपरिषद्बाट निर्णय भएको संस्थागत व्यक्ति, संस्था वा निकायको सबै प्रकारको सम्पत्ति (घरजग्गा, सवारी साधन, मिल, मेशीनरी औजार समेत) को भाडा वापत प्राप्त हुने आयमा आयकर ऐन बमोजिम

लाग्ने आयकर असुल उपर गर्ने कार्य निरन्तर रुपमा प्रचलित कानून अनुसार नै भएको हुँदा रिट निवेदन खारेज गरीपाउँ भन्नेसमेत बेहोराको **नेपाल सरकार, प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयका तर्फबाट यस अदालतमा पेस गरेको लिखित जवाफ।**

६. नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीको नम्बर ४ मा स्थानीय कर अन्तर्गतको घर वहाल कर उठाउने अधिकार मात्र स्थानीय तहलाई भएको तर आन्तरिक राजस्व कार्यालय बिराटनगरले उठाएको बहाल कर स्थानीय कर नभई आयकर शिर्षक अन्तर्गतको व्यवसायिक रुपमा घरवहाल लगाई जसले आय प्राप्त गर्छ र सो वापत खर्च समेत दावी गर्छ र आयबाट खर्च कटाई बांकी हुने करयोग्य आयमा मात्र आयकर अन्तर्गत घर वहालकर लाग्ने र सो कर मात्र यस कार्यालयले लिने गरेको हुंदा यो स्थानीय तहको अधिकार क्षेत्रमा नपर्ने भएकोले विपक्षीको प्रस्तुत रिट खारेज भागी छ। नेपालको संविधानको अनुसूची ५ मा संघको अधिकारको सूचीको क्रमसंख्या ९ तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची १ को खण्ड (क) को सि.नं. (४) र (५) बमोजिम संस्थागत आयकर, व्यक्तिगत आयकर संकलन गर्ने अधिकार नेपाल सरकारमा रहेकोले संस्थागत घर वहाल आयलाई मात्र आय कर तिर्नु पर्ने आय अन्तर्गत राखी सोही अनुसार मात्र कर उठाउंदै आएको व्यहोरा अनुरोध छ। नेपालको संविधानको अनुसूची- ८ मा स्थानिय तहको अधिकारको सूचीको क्रमसंख्या ४ तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची- ३ को खण्ड (क) को सि.नं. (२) बमोजिम स्थानिय तहले अन्य करहरुको अतिरिक्त बहालकर समेत संकलन गर्न पाउने अधिकार रहेको सन्दर्भमा नेपाल सरकारको मन्त्रिपरिषद्को निर्णय विरुद्ध कही कतै प्रश्न समेत नउठेकोले हालसम्म कायमै रहेको अवस्थामा रहेको स्थानीय तहले संकलन गर्ने स्थानीय करको रुपमा रहेको वहाल कर संकलन नगरेको हुँदा विपक्षीको प्रस्तुत रिट खारेज भागी छ। आयकर ऐन, २०५८ को दफा १४२ बमोजिम कर सम्वन्धि व्यवस्था प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि यसै ऐन बमोजिम हुने स्पष्ट व्यवस्था भएकोले र आन्तरिक राजस्व कार्यालय विराटनगरले यसै ऐन बमोजिम राजस्व संकलन गरिरहेको हुँदा विपक्षीको प्रस्तुत रिट

खारेज भागी छ। अतः उल्लेखित संवैधानिक तथा कानूनी व्यवस्था अन्तर्गत असूलउपर गरेको कर संविधान र कानूनको प्रतिकुल नरहेको र यस कार्यालयले विराटनगर महानगरपालिकाको कुनै अधिकार कुण्ठित नगरको तथा आर्थिक क्षति नगरेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको **आन्तरिक राजस्व कार्यालय विराटनगरका तर्फबाट यस अदालतमा पेस भएको लिखित जवाफ।**

यस अदालतको आदेश

७. नियमबमोजिम निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता द्वय श्री डिल्लीराम घिमिरे र श्री भागवत प्रसाद चौधरीले नेपालको संविधानको धारा २२१, अनुसूची-८ को क्रमसंख्या ४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ को व्यवस्थाले घरबहाल करमा स्थानीय तहको निर्विवाद संबैधानिक र कानूनी अधिकार स्थापित गरेको अवस्थामा संस्थागत बहाल कर संघीय सरकार अन्तर्गतका आन्तरिक राजस्व कार्यालयले उठाउने र संस्थागत बहाल कर स्थानीय तहले उठाउन नपाउने गरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।१२।१२ को निर्णय, सो निर्णयको आधारमा भए गरेको अर्थ मन्त्रालयको पत्र एवं आन्तरिक राजस्व विभागबाट अन्य कर संकलन गर्ने कार्यालयलाई लेखिएका पत्रहरु समेत नेपालको संविधान तथा कानूनी व्यवस्था विपरित भएको हुँदा उपरोक्त निर्णय आदेश तथा सूचना पत्रहरु उत्प्रेषणको आदेशद्वारा बदर गरीपाउँ। साथै संस्थागत वा प्राकृतिक व्यक्तिले घर बहाल वापत आउने आयमा कुनै पनि प्रकारका घर बहाल कर नलिनु नलगाउनु भनी विपक्षीहरुको प्रतिषेधको आदेश समेत जारी गरीपाँउ भन्ने समेतको बहस जिकीर प्रस्तुत गर्नुभयो।

८. त्यसैगरी विपक्षी नेपाल सरकार अर्थ मन्त्रालय समेतको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताद्वय श्री हरिशंकर ज्ञवाली र श्री ध्रुवकुमार चौहानले नेपालको संविधानको अनुसूची ८ को क्रमसंख्या ४ ले स्थानीय बहालकर सम्म स्थानीय तहले उठाउन पाउने हो। संविधानको अनुसूची- ८ को क्र.सं. ४ मा उल्लिखित स्थानीय तहको अधिकार अन्तर्गतको घर बहाल कर र संघको अधिकार अन्तर्गत पर्ने अनुसूची- ५ को क्र.सं. ९ मा पर्ने संस्थागत आयकर दुई भिन्न भिन्न प्रकृतिका कर

भएकोले संविधान बमोजिम संघले संविधानको अनुसूची- ५ को क्रमसंख्या ९ बमोजिमको संस्थागत आयकर संकलन गर्न पाउने भएकोले आन्तरिक राजस्व कार्यालयहरुले संस्थागत बहालकर बुझ्दै आएको काम संविधान र कानून सम्मत नै भएको हुँदा निवेदन माग बमोजिमको रिट जारीहुनुपर्ने होइन।प्रस्तुत रिट खारेज गरीपाउँ गर्नुभएको बहस समेत सुनियो।

९. यसमा नेपालको संविधानको धारा ५७ (४) मा स्थानीय तहको अधिकार अनुसूची- ८ मा उल्लेखित विषयमा निहीत रहनेछ भन्ने व्यवस्था रही संविधानको अनुसूची- ८ मा स्थानीय तहको अधिकारको सूची शीर्षक अन्तर्गत क्र.सं. ४ मा स्थानीय कर अन्तर्गत विभिन्न प्रकारका करहरु मध्ये घर बहाल कर समेत उल्लेख छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ बमोजिम बहाल कर लगाउने उठाउने अधिकार पूर्ण रुपमा स्थानीय तहमा निहीत रहेको छ। उपरोक्त संवैधानिक एवम् कानूनी प्रावधानको बावजुद नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७४।१२।१२ मा घर बहाल कर सम्बन्धमा भएको निर्णय तथा अर्थ मन्त्रालयबाट आन्तरिक राजस्व विभागमा र विभागबाट सवै ठुला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयमा पत्राचार भएको रहेछ। उक्त निर्णय र पत्रको आधारमा विपक्षी आन्तरिक राजस्व कार्यालय विराटनगरले संस्थागत वहालमा लाग्ने कर लिने उठाउने गरी आएको काम कारवाही समेत नेपालको संविधानको धारा २२१, अनुसूची- ८ को क्र.सं. ४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ समेत प्रतिकुल भै गम्भीर रुपमा संवैधानिक तथा कानूनी त्रुटि रहेको हुँदा मन्त्रिपरिषद्को मिति २०७४।१२।१२ को निर्णय, सो निर्णयको आधारमा भए गरेको अर्थ मन्त्रालयको पत्र एवं आन्तरिक राजस्व विभागबाट अन्य कर संकलन गर्ने कार्यालयलाई लेखिएका पत्रहरु समेत उत्प्रेषणको आदेशद्वारा बदर गरी विपक्षी नेपाल सरकार (मन्त्रिपरिषद्), अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग र आन्तरिक राजस्व कार्यालय विराटनगरको नाममा संस्थागत वा प्राकृतिक व्यक्तिले घर बहाल वापत आउने आयमा कुनै पनि प्रकारका घर बहाल कर नलिनु नलगाउनु भनी प्रतिषेधको आदेश समेत जारी गरीपाउँ भन्ने रिट निवेदनको मुख्य जिकिर रहेको देखियो।

१०. त्यसैगरी विपक्षीहरुको लिखित जवाफको वेहोरा हेर्दा, नेपालको संविधानको अनुसूची-५ मा संघको अधिकारको सूचीको क्रमसंख्या ९ तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची १ को खण्ड (क) को सि.नं. (४) र (५) बमोजिम संस्थागत आयकर, व्यक्तिगत आयकर संकलन गर्ने अधिकार नेपाल सरकारमा रहेको एवं नेपाल सरकारले आयकर ऐन, २०५८ बमोजिम विभिन्न शिर्षकका आयकरहरु आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरु मार्फत संकलन गर्दै आएको हो। नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७४।१२।१२ मा आ-आफ्नो क्षेत्राधिकार भित्रका प्राकृतिक व्यक्तिले आर्जन गर्ने बहाल आयमा लाग्ने घर बहाल कर नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रचलित कानूनको अधिनमा रही सम्बन्धित स्थानीय तहहरुले संकलन गर्ने र आन्तरिक राजस्व कार्यालयहरुले भाडा वापतको आयमा आयकर संकलन नगर्ने भनी निर्णय भएको देखिन्छ। संविधान र कानून बमोजिम संस्थागत बहालकर उठाउने दायित्व संघ अन्तर्गतकै आन्तरिक राजस्व कार्यालयहरुको रहेकोले सोही बमोजिम नै संस्थागत बहालकर उठाउदै आएको अवस्था हो। नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७४।१२।१२ मा आ-आफ्नो क्षेत्राधिकार भित्रका प्राकृतिक व्यक्तिले आर्जन गर्ने बहाल आयमा लाग्ने घर बहाल कर नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रचलित कानूनको अधिनमा रही सम्बन्धित स्थानीय तहहरुले संकलन गर्ने र आन्तरिक राजस्व कार्यालयहरुले भाडा वापतको आयमा आयकर संकलन नगर्ने भनी निर्णय भएको र सोही निर्णय बमोजिम नै अर्थ मन्त्रालयबाट पत्राचार भएको हुँदा संस्थागत बहालकर संघ सरकार अन्तर्गतकै अधिकारक्षेत्र भित्रको विषय भएकोले रिट निवेदन खारेज गरीपाउँ भन्ने समेतको वेहोरा लिखित जवाफबाट खुल्न आएको देखिन्छ।

११. उपर्युक्त अनुसारको रिट निवेदन, लिखित जवाफ तथा बहस जिकिर रहेको प्रस्तुत रिट निवेदनमा निवेदन माग दावी बमोजिम विपक्षीहरूका नाउँमा उत्प्रेषणयुक्त परमादेश समेतको आदेश जारी हुने हो, होइन? भन्ने विषयमा नै निर्णय गर्नुपर्ने देखिन आयो।

१२. निर्णयतर्फ बिचार गर्दा, नेपालको संविधानको धारा ५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने, नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्ने र धारा ५७ मा संघ, प्रदेश र स्थानीय तहको अधिकार संविधानको अनुसूचीमा उल्लेखित विषयमा निहित हुने र धारा ५९ मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धि विषयमा कानून बनाउन र त्यसको कार्यान्वयन गर्न सक्ने व्यवस्था रहेको पाइन्छ। संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा हुने व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहबीचको अधिकारलाई स्पष्ट रुपमा संविधानको अनुसूची- ५ मा संघको अधिकारको सूची, अनुसूची- ६ मा प्रदेशको अधिकारको सूची, अनुसूची- ७ मा संघ र प्रदेशको साझा अधिकारको सूची, अनुसूची- ८ मा स्थानीय तहको अधिकारको सूची र अनुसूची- ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीको व्यवस्था रहेको छ। उपर्युक्त बमोजिम एकल अधिकारको सूचीमा रहेका अधिकारको प्रयोग गर्नको लागि सम्बन्धित संघिय इकाइ स्वतन्त्र र स्वायत्त रहने कुराको पनि संविधानले परिकल्पना गरेको पाइन्छ।

१३. नेपालको संविधानले स्थानीय तहलाई अधिकार, शक्ति र स्रोत सम्पन्न बनाई स्थानीय सरकारलाई कार्यात्मक, मजबुत र प्रभावकारी बनाउने प्रयास गरेको पाइन्छ। यसैका लागि संविधानको अनुसूची-८ मा स्थानीय तहका एकल अधिकारलाई सुचिवद्ध गरेको र उक्त अधिकारको प्रयोगमा स्थानीय तह स्वायत्त रहने व्यवस्था संविधानले गरेको पाइन्छ। संविधान बमोजिम स्थानीय तहलाई पर्याप्त अधिकारको सुनिश्चितता गर्नु संघियताको सवलिकरण गर्नूका साथै समावेशी लोकतन्त्रको आधारभूत चरित्र स्थापित गर्नू पनि हो। स्थानीय जनताले स्थानीय स्रोत साधनहरूको उपयोग, परिचालन र वित्तीय स्वायत्तताको सुनिश्चितता गर्न नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको विशिष्ट अधिकारको सूची किटान गरिएको पाइन्छ। संविधानको अनुसूची ८ मा रहेको स्थानीय तहको एकल अधिकारको सूचीको क्रमसंख्या ४ मा स्थानीय कर अन्तर्गत घर बहाल कर समेतका करहरु स्थानीय तहको एकल

अधिकारको सूचीमा समावेश रहेको पाइन्छ।

१४. संविधानको कार्यान्वयन र संघियताको सवलिकरण गर्ने सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ जारी भई कार्यान्वयनमा आएको देखिन्छ। उक्त स्थानीय सरकार संचालन ऐन, २०७४ को प्रस्तावनामा नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धि व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तह बिचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्धन गर्दै जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता शुनिश्चित गरी सुलभ र गुणस्तरिय सेवा प्रवाह गर्ने समेतको उदेश्य रहेको देखिएबाट संविधान बमोजिम स्थानीय तहको अधिकारको कार्यान्वयन गर्ने मुख्य उदेश्य लिई स्थानिय सरकार संचालन ऐनको तर्जुमा भएको भन्ने देखिन आउछ। उक्त ऐनको दफा ११ मा गाँउपालिका र नगरपालिकाको अधिकार अन्तर्गत उपदफा (२)घ मा स्थानीय कर सेवा शुल्क र दस्तुर सम्बन्धी व्यवस्था रही सोही उपदफाको देहाय (१) मा घरबहाल कर समेत सम्बन्धी नीति कानून मापदण्ड कार्यान्वयन र नियमन भन्ने व्यवस्था रहेको पाइन्छ। सोही ऐनको दफा ५७ मा "घर जग्गा बहाल करः गाउँपालिका वा नगरपालकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तबरले बहालमा दिएकोमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउनेछ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। यो कानूनी व्यवस्थाले प्राकृतिक ब्यक्तिबाट मात्र घर बहालकर उठाउने नभनी कानूनी ब्यक्ति वा संस्थाबाट समेत बहालकर उठाउन पाउने व्यवस्था स्थानीय तहलाई प्रदान गरेको स्पष्ट देखिन्छ।

१५. यसैगरी नेपाल सरकार, प्रदेश तथा स्थानीय तहको राजस्वको अधिकार, राजस्व बाँडफाँट, अनुदान, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तिय अनुशासन सम्बन्धमा आवश्यक व्यवस्था गर्ने उदेश्य लिई जारी भएको अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-१ मा नेपाल सरकारले लगाउन सक्ने कर तथा गैर कर सम्बन्धी व्यवस्था भएकोमा सोही अनुसूचीको (क)(४) र (५) मा संस्थागत आयकर र व्यक्तिगत आयकर उल्लेख भएको छ। सोही ऐनको अनुसूची-३ मा स्थानीय तहले लगाउन सक्ने कर तथा गैर कर सम्बन्धी व्यवस्था भएकोमा

सोही अनुसूचीको (क)(२) मा घरबहाल कर उल्लेख भई घरबहाल कर स्थानीय तहले नै लगाउन सक्ने कानूनी व्यवस्थामा स्पष्टता रहेको देखिन्छ।

१६. यसरी नेपालको संविधानको अनुसूची ८ को क्रमसंख्या ४ मा स्पष्ट रुपमा बहाल कर स्थानीय तहको एकल अधिकार सूचीमा रहेको देखिन्छ भने संघको अधिकार सूची रहेको अनुसूची ५ मा कहिँकतै बहाल कर भन्ने शब्दावली उल्लेख भएको पाइदैन। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची ३(क)(२) ले पनि बहाल करमा स्थानिय तहको अधिकारको सुनिश्चितता कायम गरेको पाइन्छ। विपक्षीहरुको लिखित जवाफ र बहस बुँदाबाट प्राकृतिक व्यक्तिको बहाल कर स्थानीय सरकारको अधिकारको विषय र संस्थागत बहाल कर संघिय सरकारको अधिकारको विषय रहेको भनी जिकिर लिएकोतर्फ बिचार गर्दा, संविधानको अनुसूची ८ को क्रमसंख्या ४ मा रहेको बहालकर भन्ने शब्दावलीमा प्राकृतिक व्यक्तिको बहाल कर र संस्थागत बहालकर भनी छुट्याएको नभई घर बहालकर सम्बन्धी अधिकार स्थानीय तहको एकल अधिकार रहेको देखिन्छ। यसैगरी स्थानीय सरकार संचालन ऐनको दफा ५७ मा पनि त्यसरी प्राकृतिक व्यक्तिको बहालकर र संस्थागत बहालकर भनी छुट्याइएको पाइदैन। यो व्यवस्थाले कुनै ब्यक्ति वा संस्थाले बहालमा लगाएकोमा बहालकर उठाउन पाउने अधिकार स्थानीय तहलाई दिएको देखिँदा देखिँदै संस्थागत बहालकर संघीय सरकारको क्षेत्राधिकार भित्र पर्दछ भन्ने दावीलाई संविधान वा संसदले बनाएको कुनैपनि ऐन, कानूनले समर्थन गरेको देखिएन। नेपालको संघियतालाई सहकारितामुलक संघियताको रुपमा संविधानले परिकल्पना गरेको पाइन्छ। तीन तहका संघिय इकाइहरुबिच सहकारिता, समन्वय र सहअस्तित्वको सिद्दान्त बमोजिम अन्तरसम्बन्ध रहने संबैधानिक व्यवस्था रहेको र सोही अनूरुप संघिय इकाइका एकल अधिकारका सूचीको साथै संविधानको अनुसूची ७ मा संघ र प्रदेशको साझा अधिकारको सूची रहेको र अनुसूची ९ मा तीनै तहको साझा अधिकारको सूची संविधानमा नै स्पष्ट रुपमा उल्लेख भएको अवस्थामा स्थानीय तहको एकल सूचीमा प्रष्ट लेखिएको विषयलाई अनदेखा गरी नेपाल सरकारले अन्यथा निर्णय गर्न सक्दैन।

१७. विपक्षीहरुले आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा १ को देहाय(ख) मा प्राकृतिक व्यक्तिले घर बहाल बापत प्राप्त गरेको रकममा कर कट्टी गर्नुपर्ने छैन भनि यसलाई आयकर तिर्नुपर्ने आय अन्तर्गत नै नराखी संस्थागत बहाल आयलाई मात्र आयकर तिर्नुपर्ने आय अन्तर्गत राखी सोही अनुसार मात्र कर उठाउँदै आएको भन्ने जिकिर लिएको र सोही बमोजिम संस्थागत बहालबाट प्राप्त हुने आयमा लाग्ने कर संघ अन्तर्गतका आन्तरिक राजस्व कार्यालयहरुले संविधान र कानून वमोजिम नै उठाईरहेको भन्ने सन्दर्भमा हेर्दा आयकर ऐनमा स्पष्ट रुपमा संस्थागत बहालकर संघले उठाउन पाउने सम्बन्धि व्यवस्था रहेको पाइदैन। यसबाट आयकर ऐनको दफा ८८ को उपदफा १ को देहाय(ख) मा रहेको प्राकृतिक व्यक्तिले घरबहालकर बापत प्राप्त रकमलाई आय अन्तर्गत नराखेको कारण संस्थागत बहालकरलाई आय अन्तर्गत मानी संस्थागत बहालकरको रकम आयकर ऐन बमोजिम संघले उठाउन पाउने भन्ने जिकिर तर्कसंगत र उल्लेखित कानूनी व्यवस्था बमोजिम रहेको भनी अर्थ गर्न मिल्ने देखिएन। साथै, नेपालको संविधानले तीन तहको संघियताको परिकल्पना गरेको र संघिय इकाइहरुलाई अधिकारसम्पन्न र स्रोतसम्पन्न बनाई स्थानीय बिकास निर्माण, स्थानीय नेतृत्व निर्माण र स्थानीय सेवा प्रवाहलाई मजवुद, प्रभावकारी र जनमैत्री बनाउने अपेक्षा र परिकल्पना गरेको सहज रुपमा अर्थ गर्न सकिन्छ। संविधानमा रहेका हरेक व्यवस्थाहरु आफैमा स्पष्ट र पूर्ण रहेको देखिन्छ। संविधानमा रहेका कुनै व्यवस्था अपूर्ण वा अस्पष्ट रहेको सन्दर्भमा संविधान व्याख्याका बिभिन्न सिद्दान्त बमोजिम संविधानको व्याख्या मार्फत दुबिधायुक्त व्यवस्थाको बारेमा स्पष्ट पार्नुपर्ने हुन्छ तर संविधानको अनुसूची ८ को क्रमसंख्या ४ ले घर बहाल कर स्थानीय तहको एकल अधिकारको सूचीमा समावेश गरेको देखिएको र बहालकरलाई प्राकृतिक व्यक्तिको र संस्थागत भनी छुट्याएको अवस्था समेत नहुँदा संविधानको शाब्दिक व्याख्याको सिद्वान्त बमोजिम पनि बहाल कर स्थानीय तहको अधिकारमा रहेको सहजै स्वीकार गर्नुपर्ने देखिन्छ। यसका अलावा विपक्षीहरुले संविधानमा नै संस्थागत बहालकरमा संघिय सरकारको अधिकार निहित रहेको भनी जिकिर लिइ सो बमोजिमको तथ्य स्थापित गर्न सकेको समेत नदेखिएकोले संस्थागत बहालकर संघको अधिकारको विषय रहेकोले संविधान र

कानून बमोजिम नै कर संकलन गर्ने कार्यालयहरुले संस्थागत बहालकर उठाइरहेको हो भन्ने विपक्षीहरुको लिखित जवाफ र बहस बेहोरा संविधान र कानून सम्मत रहेको नदेखिएको हुँदा सहमत हुन सकिएन।

१८. नेपालको संविधानको प्रस्तावनाले नै संविधान सर्वोच्च कानून रहेको स्वीकार गरी संविधानको धारा १ मा "यो संविधान नेपालको मुल कानून हो। यो संविधानसंग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ" भन्ने व्यवस्था उल्लेख भएको पाइन्छ। यसबाट संविधानमा उल्लेखित व्यवस्थालाई अन्य कानून वा निर्णयबाट फरक पार्ने वा तोडमोड गर्ने गरि भएका व्यवस्थालाई संविधान अनुकुल मान्न सकिने देखिँदैन। नेपालको संविधानको धारा ७५ मा "नेपालको कार्यकारिणी अधिकार यो संविधान र कानून बमोजिम मन्त्रिपरिषदमा निहित हुनेछ" भन्ने व्यवस्था रहेको हुँदा मन्त्रिपरिषदको निर्णय पनि संविधान र कानूनको सिमाभित्र रहनुपर्ने देखिन आउँछ। संविधान र कानूनमा घर बहालकर स्थानीय तहको अधिकारमा रहेको स्पष्ट देखिएकोमा उक्त प्रावधान विपरित मन्त्रिपरिषदबाट निर्णय हुनु संविधान र कानून सम्मत रहेको भनी मान्न सकिँदैन। **संविधानको अनुसूचीमा उल्लेख भएको संघिय इकाइका एकल अधिकारका सूचिमा उल्लेखित अधिकारका विषयमा संघिय इकाइहरु स्वायत्त हुन सक्ने संवैधानिक व्यवस्था रहिरहेको अवस्थामा संविधान र कानूनले नै घर बहाल करको अधिकार स्थानीय तहमा रहने गरी स्पष्ट व्यवस्था गरेको देखिँदा उक्त व्यवस्था विपरित कुनै पनि कानून निर्माण हुन वा कुनै निर्णय हुन सक्ने देखिँदैन।** कथंकदाचित त्यस्तो कानून बनेमा वा निर्णय भईहालेको खण्डमा संविधानको धारा १ मा उल्लेखित व्यवस्था विपरित हुन जान्छ।

१९. उल्लेखित प्रकरणहरुमा विवेचित आधार कारणहरुबाट संविधान र कानून बमोजिम घर बहाल कर स्थानीय तहको अधिकारको विषय रहेको तथ्य स्थापित भईसकेको हुँदा नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७४।१२।१२ भएको उल्लेखित निर्णय, सो निर्णयको आधारमा अर्थ मन्त्रालयको च.नं. ७२३, मिति २०७४।१२।१५ को आन्तरिक राजस्व बिभागलाई लेखिएको पत्र र आन्तरिक राजस्व बिभागको च.नं.१०७, मिति २०७४।१२।१९ को ठुला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय सवै र करदाता सेवा कार्यालय सवैलाई

लेखिएको पत्र समेत नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को मर्म र भावना विपरित देखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर गर्नुपर्ने अवस्था देखिन आयो। साथै संविधान र उल्लेखित कानूनी व्यवस्था बमोजिम घर बहालकर (संस्थागत आय बापतको वा प्राकृतिक व्यक्तिको आय बापतको)मा स्थानीय तहको अधिकार रहेको देखिँदा उक्त करहरु संकलन गर्न स्थानीय तहलाई कुनैपनि अवरोध नगर्नु, नगराउनू भनी विपक्षीहरुको नाममा परमादेशको आदेश समेत जारी गर्नुपर्ने देखियो।

२०. अतः माथि विवेचित तथ्य, आधार र कारणहरुबाट नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७४।१२।१२ भएको उल्लेखित निर्णय, सो निर्णयको आधारमा अर्थ मन्त्रालयको च.नं. ७२३, मिति २०७४।१२।१५ को आन्तरिक राजस्व बिभागलाई लेखिएको पत्र र आन्तरिक राजस्व बिभागको च.नं.१०७, मिति २०७४।१२।१९ को ठुला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय सबै, करदाता सेवा कार्यालय सबैलाई लेखिएको पत्र उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। साथै संविधान र उल्लेखित कानूनी व्यवस्था बमोजिम स्थानीय तहको अधिकार रहेको घर बहालकर संकलन गर्न स्थानीय तहलाई कुनैपनि अवरोध नगर्नु, नगराउनू भनी विपक्षीहरुको नाममा परमादेशको आदेश समेत जारी जारी हुने ठहर्छ। प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुलाई दिनू। साथै निवेदनको दायरीको लगत कट्टा गरी आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनु।

(कुमार रेग्मी)
न्यायाधीश

उक्त आदेशमा सहमत छु।

(तिल प्रसाद श्रेष्ठ)
न्यायाधीश

इजलास अधिकृत (उपसचिव) : गायत्री बाह्रकोटी
कम्प्युटर टाइप : अमिर रत्न महर्जन
इति सम्वत् २०८२ जेठ महिना २० गते रोज ३ शुभम् ....।